बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०४।२५

**विषय : करारमा सेवा लिने सम्बन्धी सूचना ।**

बलेफी गाउँकार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोकको कार्यालय र मातहत विभिन्न पदमा कामकाज गर्न देहायको संख्या र योग्यता भएको नेपाली नागरिक करारमा पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमका योग्यता भएका तथा इच्छुक नेपाली नागरिकहरुले आवश्यक कागज सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०७९।०५।०८ गते) भित्र कार्यालयमा राजस्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र सं | पदको नाम | संख्या | योग्यता | काम गर्नु पर्ने कार्यालय तथा निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त भएको । | गाउँ कार्यपालिकाको कार्यालय | |
| २ | रेडियोग्राफर | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता तथा नवीकरण भएको। | जलबिरे प्राथमिक स्वास्थ्य केन्द्र | |
| ३ | अ.न.मी. | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. विषय उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता तथा नवीकरण भएको । | धुस्कोट सामुदायिक स्वास्थ्य इकाई - १ जना<br>जालवारी आधारभूत स्वास्थ्य सेवा केन्द्र - १ जना | |
| ४ | कार्यालय सहयोगी | ३ (तीन) | सामान्य लेखपद भएको । | (क) १ नं. वडा कार्यालय - १ जना<br>(ख) जलबिरे प्राथमिक स्वास्थ्य केन्द्र - १ जना<br>(ग) धुस्कोट सामुदायिक स्वास्थ्य इकाई - १ जना | |

योग्यता तथा अन्य आवश्यकता :

१. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरुः (क) नेपाली नागरिकताको प्रतिलिपि (ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि (ग) सम्बन्धित परिषद्मा दर्ता ता नवीकरण भएको प्रतिलिपि (घ) आवश्यक कार्य अनुभवको प्रमाणित प्रतिलिपि (ङ) आवश्यक तालिमको प्रमाणपत्रको प्रतिलिपि

२. बलेफी गाउँपालिकाको स्थानीय बासिन्दालाई प्राथमिकता दिइने ।

३. दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्ने ।

४. प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

५. परीक्षा केन्द्र, बलेफी गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक हुनेछ।

६. परीक्षा दस्तुर : (क) कम्प्युटर अपरेटर, रेडियोग्राफर र अ.न.मी. - रु. १,०००।- (अक्षरुपी एक हजार मात्र)
(ख) कार्यालय सहयोगी - रु. ५००।- (अक्षरुपी पाँच सय मात्र)

७. दरखास्त दिने स्थान, बलेफी गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक हुनेछ ।

८. दरखास्त दिने अन्तिम मिति : २०७९।०५।०८ गते दिनको ठिक ५:०० बजे सम्म हुनेछ।

९. परीक्षाको किसिम : बलेफी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि अनुसार अन्तरवार्ता कार्यक्रम।

१०. जालवारी आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि माग गरिएको अ.न.मी. को लागि SBA तालिम प्राप्त भएको हुनुपर्नेछ ।

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०११-४००५३६, ०११-४००५३८ Email: balephi2017@gmail.com Website: balephimun.gov.np

Scanned with CamScanner